बैठक नं.६

निर्णयहरू:

१. कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्थानीय तहहरूले स्थापना तथा व्यवस्थापन गरी सञ्चालनमा रहेका क्वारेन्टिनहरूको आवश्यक मर्मत सुधार गर्न, क्वारेन्टिनहरूलाई निर्धारित मापदण्ड बमोजिम थप व्यवस्थित गर्न, क्वारेन्टिनमा वसेका व्यक्तिहरूको वसोबास बन्दोवस्त र खानपिन व्यवस्था गर्न र आवश्यकता अनुसार स्वास्थ्य जाँच गर्ने लगायतका कार्यका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आजको वैठकमा प्रस्तुत गरेको Covid Management Information System मा आधारित तथ्याङ्क समेतलाई ध्यान दिई तयार पारिएको विवरण अनुसार स्थानीय तहहरूलाई नियमानुसार कार्यसञ्चालन गरी खर्चको लेखा राख्ने, लेखापरीक्षण गराउने र सो को प्रतिवेदन समेत गर्ने गरी अनुसूची (१) मा उल्लेख भएबमोजिमको रकम यस कोषबाट निकासा दिने निर्णय गरियो ।

२. भारतवाट स्थलमार्ग हुँदै तोकिएका नाकावाट नेपाल प्रवेश गर्ने व्यक्तिहरुलाई प्रवेश नाकामा होल्डिङ सेन्टर व्यवस्थापन गरी कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्थानीय तहहरूले स्थापना तथा व्यवस्थापन गरेका होल्डिङ सेन्टरहरूको आवश्यक मर्मत सुधार एवं थप व्यवस्थापन गर्न होल्डिङ सेन्टरमा रहेका व्यक्तिहरूको एकदिनको लागि खानाको व्यवस्था गर्न, आवश्यक स्वास्थ्य जाँच गर्न लगायतका कार्यका लागि गृह मन्त्रालयबाट प्राप्त स्थलमार्ग हुँदै नेपाल प्रवेश गर्ने व्यक्तिहरुको तथ्याङ्क समेतलाई ध्यान दिई तयार पारिएको विवरण अनुसार प्रवेश नाकाहरुमा होल्डिङ सेन्टर रहेका स्थानीय तहहरूलाई नियमानुसार कार्यसञ्चालन गरी खर्चको लेखा राख्ने, लेखापरीक्षण गराउने र सो को प्रतिवेदन समेत गर्ने गरी अनुसूची (२) मा उल्लेख भएबमोजिमको रकम यस कोषबाट निकासा दिने निर्णय गरियो।

३. कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि मुलुकका विभिन्न स्थानमा स्थापना तथा सञ्चालनमा रहेका प्रयोगशालाहरूलाई आवश्यक पर्ने स्वास्थ्य सामग्री तथा उपकरण र औषधि खरिदका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई यस कोषवाट रू. चार करोड पचास लाख उपलब्ध गराउने निर्णय गरियो।

४. राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको स्तरोन्नतीका लागि प्रयोगशालामा आवश्यक पर्ने स्वास्थ्य उपकरण तथा सामग्री एवं औषधि खरिद गर्न यस कोषवाट रू. तीन करोड उपलब्ध गराउने निर्णय गरियो।

५. वीरगंज महानगरपालिकाले गण्डक अस्पताल, वीरगंजलाई कोभिड विशेष अस्पतालको रुपमा सञ्चालन गर्नाका निमित्त आवश्यक तयारी गर्न र मजदुरी गरी दैनिक आयआर्जन गरी जीविकोपार्जन गरिरहेका व्यक्ति तथा परिवारलाई खाद्यान्न राहत उपलब्ध गराउन अनुमानित रकम रू. १६ करोड ९४ लाख अर्थ मन्त्रालय समक्ष सहयोग माग गरेको र उक्त मन्त्रालयबाट सो रकम कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका कोषबाट उपलब्ध गराउन लेखी आएको विषय आजको वैठकमा प्रस्तुत हुँदा वीरगंज महानगरपालिकाले राखेको सो मागको सम्बन्धमा थप विश्लेषण तथा आवश्यक अग्रिम कारवाहीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउने निर्णय गरियो ।

२०७७/१/३०

सचिव

प्रा. डा. पुष्पराज कँडेल
उपाध्यक्ष
राष्ट्रिय योजना आयोग